नेपाल राजपत्र

भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २१] काठमाडौं, आश्विन ६ गते २०२८ साल [अतिरिक्ताङ्क ३३ (क)

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः—

२०२८ सालको ऐन नं. ९.

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना अन्तर्गत उच्च शिक्षा प्रदान गर्न विश्वविद्यालयको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना:– श्री ५ मुमा बडामहारानी कान्ति राज्य लक्ष्मी देवी र श्री ५ कान्छा मुमा बडा-महारानी ईश्वरी राज्य लक्ष्मी देवीबाट विश्वविद्यालय स्थापना गर्ने उत्कृष्ट अभिलाषा राखिबक्सेबमोजिम सर्वसाधारण जनतालाई शिक्षाको निमित्त पर्याप्त सुविधा प्रदान गरिबक्सने दिव्य अभिलाषायुक्त आधुनिक प्रजातान्त्रिक नेपाल अधिराज्यका संस्थापक स्वर्गीय श्री ५ त्रिभुवन वीर विक्रम शाहदेवका पुण्य र स्थायी स्मारकको रूपमा त्रिभुवन विश्वविद्यालय स्थापना भएको,

आर्थिक, सामाजिक गतिशीलतालाई अझ बढी प्रोत्साहन दिन राष्ट्रिय विकासलाई चाहिने जनशक्तिको आवश्यकतालाई पूरा गर्न,

देश र राजमुकुटप्रति भक्ति र श्रद्धाको भावना तथा राष्ट्रिय एकतालाई बढी सुदृढ गर्न र सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न, र

कला, विज्ञान र अन्य व्यवसायिक क्षेत्रमा ज्ञान र अनुसन्धानको वृद्धि गर्नुको साथै चरित्र निर्माण गर्न राष्ट्रिय शिक्षा पद्धतिको योजना अन्तर्गत उच्च शिक्षा प्रदान गर्न त्रिभुवन विश्वविद्यालयलाई बढी सक्षम बनाउन वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ:–** (१) यस ऐनको नाम "त्रिभुवन विश्वविद्यालय ऐन २०२८" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:–** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "विश्वविद्यालय" भन्नाले यो ऐनबमोजिमको त्रिभुवन विश्वविद्यालय सम्झनुपर्छ ।

(ख) "सभा" भन्नाले विश्वविद्यालय सभा सम्झनुपर्छ ।

(ग) "प्राध्यापक" भन्नाले प्रोफेसर, रीडर, लेक्चरर, र असिष्टेण्ट लेक्चरर, र रिसर्च-फेलो समेतलाई जनाउँछ ।

(घ) "इन्स्टिच्यूट" भन्नाले यो ऐनबमोजिमको इन्स्टिच्यूट सम्झनुपर्छ ।

(ङ) "डीन" भन्नाले इन्स्टिच्यूटको प्रमुख सम्झनुपर्छ ।

(च) "तोकिएको" वा तोकिएबमोजिम भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. त्रिभुवन विश्वविद्यालय कायम रहनेः– (१) त्रिभुवन विश्वविद्यालय ऐन २०१६ अन्तर्गत स्थापित त्रिभुवन विश्वविद्यालय यसै ऐन अन्तर्गत स्थापित भएको मानी कायम रहनेछ ।

(२) विश्वविद्यालय अविच्छिन्न उत्तराधिकारवाला एक संगठित संस्था हुनेछ । यसको कामको निमित्त आफनो एउटा छाप हुनेछ र यसले चल अचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न, धितो बन्धक राख्न र बेच बिखन गर्न समेत सक्नेछ । यसले आफनो नामबाट नालेश उजूर गर्न र यसउपर पनि सोही नामबाट नालेश उजूर लाग्न सक्नेछ ।

(३) विश्वविद्यालयको केन्द्रीय कार्यालय काठमाडौंमा रहनेछ ।

४. विश्वविद्यालय सभाको गठनः– देहायका सदस्यहरू भएको एउटा विश्वविद्यालय सभा हुनेछः–

(क) कुलपति–	अध्यक्ष
(ख) श्री ५ अधिराजकुमार हिमालय वीर विक्रम शाह–	आजीवन सदस्य
(ग) श्री ५ अधिराजकुमार वसुन्धरा वीर विक्रम शाह–	आजीवन सदस्य
(घ) सह-कुलपति–	उपाध्यक्ष
(ङ) उप-कुलपति–	सदस्य
(च) सचिव, श्री ५ को सरकार शिक्षा मन्त्रालय–	सदस्य
(छ) डीनहरू–	सदस्य
(ज) शिक्षाध्यक्ष– (रेक्टर)–	सदस्य-सचिव
(झ) रजिष्ट्रार–	सदस्य
(ञ) निर्वाचित प्राध्यापक प्रतिनिधि दुई जना–	सदस्य
(ट) निर्वाचित स्नातक प्रतिनिधि पाँच जना–	सदस्य
(ठ) कुलपतिबाट मनोनीत राष्ट्रिय पञ्चायतका सदस्य दुई जना–	सदस्य
(ड) कुलपतिबाट मनोनीत श्री ५ को सरकारको सेवामा रहेका अधिकृत चार जना–	सदस्य
(ढ) कुलपतिबाट मनोनीत व्यापारी वर्गबाट दुई जना–	सदस्य
(ण) कुलपतिबाट मनोनीत पत्रकारहरू मध्येबाट दुई जना–	सदस्य
(त) कुलपतिबाट मनोनीत विद्यार्थीहरूबाट दुई जना–	सदस्य
(थ) कुलपतिबाट मनोनीत चन्दादाताहरू मध्येबाट दुई जना–	सदस्य
(द) कुलपतिबाट मनोनीत अन्य चार जना–	सदस्य

५. विश्वविद्यालयको संगठनः– (१) उच्च शिक्षाको लागि तोकिएको विषयहरूमा तोकिएको इन्स्टिच्यूटहरू रहनेछन् ।

(२) उपदफा (१) बमोजिमका इन्स्टिच्यूटहरूको सामूहिकरूप नै विश्वविद्यालय-को स्वरूप हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

201

(३) श्री ५ महाराजाधिराजबाट कुनै इन्स्टिच्यूटलाई शाही इन्स्टिच्यूटको बडापत्र बक्सेमा सो इन्स्टिच्यूटले शाही इन्स्टिच्यूटको रूपमा नाम धारण गर्न पाउनेछ ।

(४) इन्स्टिच्यूटको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

(५) प्रत्येक इन्स्टिच्यूटमा एउटा फेकल्टी बोर्ड रहनेछ जसको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

(६) प्रत्येक इन्स्टिच्यूटको एउटा केन्द्रीय शिक्षण संस्था र आवश्यकतानुसार विभिन्न क्याम्पस् (शाखा संस्था) हरू रहन सक्नेछन् ।

(७) इन्स्टिच्यूटहरू विश्वविद्यालयको सामान्य रेखदेख तथा नियन्त्रणमा रहनेछन् ।

६. विश्वविद्यालयको काम, कर्तव्य र अधिकार:– विश्वविद्यालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ –

(क) राष्ट्रिय शिक्षा समितिको नीति र निर्देशनलाई पालन गर्नु,

(ख) श्री ५ को सरकारले निर्धारण गरेको जनशक्तिको आवश्यकतानुसार विभिन्न विषयमा विभिन्न तहका उच्च शिक्षाको व्यवस्था गर्नु,

(ग) इन्स्टिच्यूटहरूको स्थापना, संचालन र प्रबन्ध गर्नु,

(घ) विश्वविद्यालयमा आवश्यक प्राध्यापक तथा प्रशासकीय पदको सृजना गर्नु,

(ङ) प्राध्यापक तथा प्रशासकीय कर्मचारी नियुक्त गर्नु,

(च) स्नातकोपाधि (डिग्री), डिप्लोमा र सर्टिफिकेट उपाधिहरू स्थापना गरी प्रदान गर्नु,

(छ) सम्मानार्थ स्नातकोपाधि (अनरेरी डिग्री) वा अन्य शैक्षिक उपाधि प्रदान गर्नु,

(ज) इन्स्टिच्यूटको निरीक्षण गर्नु र त्यसमा शिक्षण कार्य वा प्रशिक्षणको उचित स्तर कायम राख्न लगाउनु,

(झ) इन्स्टिच्यूटहरूको कार्यहरूमा नियन्त्रण गर्नु र त्यस्तो कार्यहरूमा सामञ्जस्य ल्याउनु,

(ञ) दान दातव्य ग्रहण गर्नु,

(ट) फेलोशिप, ट्रेभलिंग फेलोशिप, स्कलरशिप, छात्रवृत्ति ,पदक र पुरस्कारहरू स्थापना गर्नु,

(ठ) शुल्क र अन्य दस्तूर निर्धारण गर्नु,

(ड) छात्रावासको व्यवस्था गर्नु,

(ढ) पेश भएको आय-व्ययको वार्षिक अनुमानलाई हेरफेर गरी वा नगरी स्वीकृति दिनु,

(ण) विश्वविद्यालय इन्स्टिच्यूटहरूमा स्टाफका सदस्यहरूको सेवाका शर्तहरू निर्धारण गर्नु,

(त) विश्वविद्यालयको कोष तथा सम्पत्तिको व्यवस्था गर्नु,

(थ) प्रयोगशाला, पुस्तकालय, संग्रहालय, शिक्षण र अनुसन्धान कार्यको निमित्त आवश्यक साधनको व्यवस्था गर्नु,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

202

(द) छात्र कल्याण, प्राध्यापक निवास, छापाखाना, प्रकाशन, सूचना सेवा नियोजनालय, खेलकूद र व्यायाम गोष्ठीको व्यवस्था मिलाउनु, र

(ध) तोकिएबमोजिम अन्य काम गर्नु ।

७. व्यवस्था:– यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा विनियममा अन्यथा लेखिएकोमा बाहेक विश्वविद्यालयको सबै काम कारवाईको रेखदेख, निर्देशन र व्यवस्था विश्वविद्यालय सभाले गर्नेछ ।

तर विश्वविद्यालय सभाले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा विनियममा उल्लेख गरिएको आफनो कर्तव्य र अधिकारहरूमध्ये आफूले आवश्यक एवं उचित देखेका अधिकारहरू इन्स्टिच्यूटहरूले र तोकिएबमोजिम समितिहरू स्थापना गरी सो समितिले प्रयोग गर्ने गरी सुम्पन सक्नेछ ।

८. धर्म, जाति, जात, वर्ण, लिङ्ग वा मतको आधारमा भेदभाव नगरिने:– धर्म, जाति, जात, वर्ण, लिङ्ग वा कुनै मतको आधारमा कुनै व्यक्तिलाई विश्वविद्यालयको कुनै पद वा कुनै स्नातकोपाधि (डिग्री), डिप्लोमा, सर्टिफिकेट वा अन्य शैक्षिक उपाधि हासिल गर्न वा अध्ययन गर्न वा सुविधा पाउनबाट वञ्चित गरिने छैन ।

९. पदाधिकारीहरू:– विश्वविद्यालयका पदाधिकारीहरू देहायबमोजिम हुनेछन्–

(क) कुलपति,
(ख) सह-कुलपति,
(ग) उप-कुलपति
(घ) डीनहरू,
(ङ) शिक्षाध्यक्ष (रेक्टर),
(च) रजिष्ट्रार, र
(छ) अन्य पदाधिकारीहरू ।

१०. कुलपति:– (१) श्री ५ महाराजाधिराज विश्वविद्यालयको कुलपति होइबक्सनेछ । तर मौसूफले चाहिबक्सेमा मौसूफबाट अन्य कुनै व्यक्तिलाई कुलपति पदमा मनोनीत गर्न सकिबक्सनेछ ।

(२) कुलपति विश्वविद्यालयको प्रमुख र सभाको अध्यक्ष हुनेछ । निज उपस्थित रहेको अवस्थामा निजले सभाको बैठकमा र विश्वविद्यालयको दीक्षान्त समारोहमा अध्यक्षको आसन ग्रहण गर्नेछ ।

(३) कुलपतिलाई विश्वविद्यालय वा विश्वविद्यालयसंग सम्बन्धित जुनसुकै विषय वा वस्तुको निरीक्षण वा जाँचबुझ गर्ने गराउने अधिकार हुनेछ ।

(४) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा विनियम विपरीतको विश्वविद्यालयको जुनसुकै कार्यलाई कुलपतिले लिखित आदेशद्वारा रद्द गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) कुलपतिको अन्य अधिकार तोकिएबमोजिम हुनेछ ।

११. सह-कुलपतिः— (१) श्री ५ को शिक्षा मन्त्री विश्वविद्यालयको सह-कुलपति हुनेछ । तर शिक्षा मन्त्रीको स्थान रिक्त भएको अवस्थामा कुलपतिबाट अन्य कुनै व्यक्तिलाई सह-कुलपति पदमा नियुक्त गरिनेछ र शिक्षा मन्त्रीको स्थान रिक्त भएको अवस्थासम्म मात्र निजले सह-कुलपति पदको काम सम्हाल्नेछ ।

(२) कुलपतिको अनुपस्थितिमा सह-कुलपतिले कुलपतिको कार्यभार सम्हाल्नेछ ।

१२. उप-कुलपतिः— (१) विश्वविद्यालयको उप-कुलपति पदमा नियुक्तिका लागि सिफारिश पेश गर्न कुलपतिबाट सभाको सदस्यहरूमध्येबाट तीन जनाको एक समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिले कुलपतिसमक्ष उप-कुलपतिको पदको लागि कम्तिमा तीन जनाको नामावलीको सिफारिश पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको सिफारिशउपर विचार भई कुलपतिबाट उप-कुलपतिको नियुक्ति हुनेछ ।

(४) उप-कुलपतिको कार्यकाल चार वर्षको हुनेछ ।

(५) उप-कुलपतिको अनुपस्थितिमा निजको काम चलाउने सम्बन्धमा कुलपतिबाट व्यवस्था हुनेछ ।

(६) उपदफा (५) बमोजिम व्यवस्था नभएसम्म शिक्षाध्यक्ष (रेक्टर) ले उप-कुलपतिको काम चलाउनेछ ।

(७) उप-कुलपति पूरा समय काम गर्ने वैतनिक पदाधिकारी हुनेछ । निजको तलब भत्ता र सेवाका अन्य शर्तहरू तोकिएबमोजिम हुनेछ ।

(८) उप-कुलपति विश्वविद्यालयको प्रमुख प्रशासकीय तथा शैक्षिक पदाधिकारी हुनेछ।

(९) कुलपति र सह-कुलपति दुबैको अनुपस्थितिमा विश्वविद्यालयको दीक्षान्त समारोह र सभामा उप-कुलपतिले अध्यक्षता गर्नेछ ।

(१०) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम तथा विनियमको पालन गर्नु गराउनु उप-कुलपतिको कर्तव्य हुनेछ र यसको प्रयोजनको निमित्त उप-कुलपतिको विचारमा तुरून्त कुनै काम कारवाई नगरी नहुने आकस्मिक अवस्था आई परेको छ भन्ने लागेमा निजले उचित र आवश्यक देखेको काम कारवाई गर्न सक्नेछ र त्यसको सूचना सकभर चाँडो सम्बन्धित पदाधिकारी वा अङ्गलाई दिनेछ ।

(११) उप-कुलपतिले सभाको निर्णय वा आदेशलाई कार्यान्वित गर्नेछ ।

(१२) विश्वविद्यालयको सबै काम, कारवाईउपर उप-कुलपतिको सामान्य नियन्त्रण रहनेछ ।

(१३) सभामा पेश हुने सबै विषयहरू उप-कुलपति मार्फत् पेश गरिनेछ ।

(१४) उप-कुलपतिको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. शिक्षाध्यक्ष (रेक्टर):- (१) विश्वविद्यालयको शिक्षाध्यक्ष (रेक्टर) को नियुक्ति कुलपतिबाट तोकिएबमोजिम हुनेछ ।

(२) शिक्षाध्यक्ष (रेक्टर) पूरा समय काम गर्ने वैतनिक पदाधिकारी हुनेछ ।

(३) शिक्षाध्यक्ष (रेक्टर) को कार्यकाल तीन वर्षको हुनेछ ।

(४) शिक्षाध्यक्ष (रेक्टर) को अनुपस्थितिमा शिक्षाध्यक्ष (रेक्टर) को काम चलाउन कुलपतिले डीनहरूमध्येबाट कुनै एकजनालाई नियुक्त गर्नेछ ।

(५) शिक्षाध्यक्ष (रेक्टर) ले सभाको निर्णय वा आदेशलाई प्रमाणित गर्नेछ ।

(६) विश्वविद्यालयको शैक्षिक प्रशासन शिक्षाध्यक्ष (रेक्टर) को रेखदेखमा रहनेछ ।

(७) शिक्षाध्यक्ष (रेक्टर) को अन्य काम, कर्तव्य र अधिकार तथा निजको सेवाको शर्त तोकिएबमोजिम हुनेछ ।

१४. रजिष्ट्रार:- (१) विश्वविद्यालयको रजिष्ट्रारको नियुक्ति कुलपतिबाट तोकिएबमोजिम हुनेछ ।

(२) रजिष्ट्रार पूरा समय काम गर्ने वैतनिक पदाधिकारी हुनेछ ।

(३) रजिष्ट्रारको रेखदेखमा विश्वविद्यालयको सामान्य प्रशासन र कोष रहनेछ र विश्वविद्यालयले अपनाउने आर्थिक नीतिको सम्बन्धमा निजले आफूलाई उपयुक्त लागेको सल्लाह सभालाई दिनेछ ।

(४) सभामा पेश गरिने विश्वविद्यालयको आय-व्ययको वार्षिक अनुमान तयार गर्ने, छात्रहरूको नाम दर्ता गर्ने तथा परीक्षा र प्रमाणपत्रको व्यवस्था गर्ने जिम्मेवारी रजिष्ट्रारको हुनेछ ।

(५) रजिष्ट्रारले विश्वविद्यालयको प्रत्येक इन्स्टिच्यूटको हिसाब किताब तोकिएबमोजिम जाँचन लगाई त्यसको प्रतिवेदन सभामा पेश गर्नेछ ।

(६) रजिष्ट्रारको अन्य काम, कर्तव्य, अधिकार तथा सेवाका शर्त तोकिएबमोजिम हुनेछ ।

१५. डीन र अन्य पदाधिकारी:- दफा ९ को खण्ड (घ) र (छ) मा उल्लेख भएका डीन र अन्य पदाधिकारीको नियुक्ति, सेवाका शर्तहरू, काम ,कर्तव्य तथा अधिकार तोकिएबमोजिम हुनेछ ।

१६. विश्वविद्यालय सेवा आयोग:- (१) विश्वविद्यालय र इन्स्टिच्यूटको प्राध्यापक तथा प्रशासकीय कर्मचारीको नियुक्ति र बढुवाको सिफारिश गर्न एक विश्वविद्यालय सेवा आयोग रहनेछ ।

(२) उपदफा (१) बमोजिमको आयोगको गठन तथा अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. विश्वविद्यालय कोष र त्यसको सञ्चालन र प्रयोग:– (१) विश्वविद्यालयको एक कोष रहनेछ जसमा देहायका रकमहरू रहनेछन्–

(क) श्री ५ को सरकारले विश्वविद्यालयलाई दिएको रकम,

(ख) विश्वविद्यालयले सापटी लिएको रकम,

(ग) विश्वविद्यालय र इन्स्टिच्यूटको लागि प्राप्त सबै रकम,

(घ) विश्वविद्यालयको लागि दान–दातव्य र आर्थिक सहायता स्वरूप दिइएको रकम, र

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) विश्वविद्यालय कोषको रकम तोकिएको बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(३) उक्त कोषको सञ्चालन तोकिएबमोजिम हुनेछ ।

(४) विश्वविद्यालयको रकम तोकिएको काममा प्रयोग गरिनेछ ।

१८. आय–व्ययको वार्षिक अनुमान र हिसाब किताब:– (१) विश्वविद्यालयको आय-व्ययको वार्षिक तथा पूरक अनुमान रजिष्ट्रारमार्फत् सभामा पेश गरिनेछ ।

(२) विश्वविद्यालयको हिसाब तोकिएबमोजिम राखिनेछ ।

१९. लेखापरीक्षण:– विश्वविद्यालयको लेखापरीक्षण तोकिएबमोजिम हुनेछ ।

२०. महाविद्यालय वा शैक्षिक संस्थालाई इन्स्टिच्यूटमा परिवर्तन गर्ने:– (१) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल अधिराज्यमा चालू भैराखेका सम्बद्ध महाविद्यालय वा अन्य शैक्षिक संस्थालाई विश्वविद्यालयले तोकिएबमोजिम इन्स्टिच्यूटमा परिवर्तन गर्नेछ ।

(२) इन्स्टिच्यूटमा परिवर्तन हुन नसकेमा सम्बद्ध महाविद्यालय वा शैक्षिक संस्था तोकिएको अवधिसम्म कायम रहनेछन् ।

(३) उपदफा (२) बमोजिमको अवधिपछि कायम नरहेका सम्बद्ध महाविद्यालय वा शैक्षिक संस्थाको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो महाविद्यालय वा शैक्षिक संस्थाको कुनै आर्थिक दायित्व पूरा गर्नुपर्ने भए विश्वविद्यालयले तोकेको समिति-बाट सो आर्थिक दायित्व निर्धारण गराई त्यस्तो महाविद्यालय वा शैक्षिक संस्थाको सम्पत्ति-ले भ्याएसम्मको त्यस्तो आर्थिक दायित्व पूरा गरी बाँकी सम्पत्ति विश्वविद्यालयले तोकिए-बमोजिम कुनै इन्स्टिच्यूटको प्रयोजन र काममा लगाउन सक्नेछ ।

(४) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम इन्स्टिच्यूटमा परिवर्तन भएको सम्बद्ध महाविद्यालय वा शैक्षिक संस्थाको सबै हक, अधिकार, सुविधा, चल अचल सम्पत्ति उपदफा (३) को अधीनमा रही सम्बन्धित इन्स्टिच्यूटको हुनेछ र सो इन्स्टिच्यूटले प्रयोजन र काममा लगाइनेछ ।

स्पष्टीकरण:– यो दफाको प्रयोजनको निमित्त सम्बद्ध महाविद्यालय भन्नाले त्रिभुवन विश्वविद्यालय ऐन २०१६ बमोजिमको सम्बद्ध कलेज सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. राष्ट्रिय विकास सेवाः— उच्च शिक्षामा अध्ययन गर्ने सबै विद्यार्थीहरूलाई कम्तिमा एक वर्ष तोकिएबमोजिम राष्ट्रिय विकास सेवामा काममा लगाएपछि विश्वविद्यालयले स्नातकोपाधि (डिग्री) वा डिप्लोमा प्रदान गर्नेछ ।

२२. अञ्चल शिक्षा समितिः— (१) अञ्चलमा उच्च शिक्षाको व्यवस्थाको लागि जनप्रतिनिधि समेतबाट तोकिएको सदस्यहरू भएको अञ्चल शिक्षा समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको अन्य काम, कर्तव्य तथा अधिकार तोकिएबमोजिम हुनेछ ।

२३. विश्वविद्यालयमा भर्ना हुन चाहिने योग्यताः— देहायको परीक्षा उत्तीर्ण हुनुको साथै तोकिएको प्रवेश परीक्षामा समेत उत्तीर्ण भएका छात्रहरूलाई विश्वविद्यालय वा इन्स्टिच्यूटमा भर्ना गरिनेछ ।

(क) तोकिएको विषय र स्तरमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (स्कूल लिभिंग सर्टिफिकेट एक्जामिनेशन) वा

(ख) खण्ड (क) मा उल्लिखित परीक्षाको समान भनी सभाले तोकेको अरू कुनै परीक्षा ।

२४. वार्षिक प्रतिवेदनः— विश्वविद्यालयको वार्षिक प्रतिवेदन तोकिएको अवधिभित्र सभामा पेश गरिनेछ र सो प्रतिवेदनलाई सभाले वार्षिक बैठकमा विचार गरी संशोधन गरी वा नगरी पारित गर्नेछ ।

२५. निर्वाचन र मनोनयनः— यो ऐनबमोजिम सभाका सदस्यहरूको निर्वाचन, मनोनयन र सदस्यहरूको रिक्त स्थानको पूर्ति तोकिएबमोजिम हुनेछ ।

२६. काम कारवाई अवैध नमानिनेः— विश्वविद्यालयको कुनै पदाधिकारीको स्थान रिक्त भै वा कुनै पदाधिकारीको नियुक्ति वा कुनै अङ्गको गठनमा त्रुटि भै काम कारवाई भएको रहेछ भने सो कारणले मात्र त्यस्तो काम कारवाई अवैध मानिने छैन ।

२७. सेवा शर्त सम्बन्धी झगडाको व्यवस्थाः— विश्वविद्यालय र विश्वविद्यालयका कुनै पदाधिकारी वा प्राध्यापक वा कर्मचारी बीच सेवा शर्त सम्बन्धमा उठेको कुनै पनि झगडाको निर्णय तोकिएबमोजिम हुनेछ ।

२८. उच्च शिक्षा तथा प्रशिक्षण कार्यः— (१) नेपाल अधिराज्यभित्र उच्च शिक्षा तथा प्रशिक्षण कार्य तोकिएको विषयमा इन्स्टिच्यूटले मात्र गर्नेछ ।

(२) उपदफा (१) को विपरीत विश्वविद्यालयको स्वीकृति बिना उच्च शिक्षण संस्था खोल्ने व्यक्तिलाई तोकिएको अधिकारीले बन्द गर्न र रू. पाँचहजारसम्म जरिवाना गर्न सक्नेछ ।

२९. निर्देशन दिने श्री ५ को सरकारको अधिकारः— (१) यो ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय शिक्षा पद्धतिको योजना अन्तर्गत विश्वविद्यालयले अपनाउने उच्च

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शिक्षाको नीति सम्बन्धमा श्री ५ को सरकारले समय समयमा विश्वविद्यालयलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन पालन गर्नु विश्वविद्यालयको कर्तव्य हुनेछ ।

३०. असल नियतले काम गरेकोमा बचाउः— यो ऐनबमोजिम असल नियत लिई गरेको वा गर्न खोजेको कुनै कामको सम्बन्धमा विश्वविद्यालय वा विश्वविद्यालयको कुनै पदाधिकारी उपर मुद्दा चलाइने वा अन्य कुनै कानूनी कारवाई गरिने छैन ।

३१. नियम बनाउने अधिकारः— (१) यो ऐनको उद्देश्य कार्यान्वित गर्न विश्वविद्यालयले राष्ट्रिय शिक्षा समितिको स्वीकृति लिई नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वमान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी विश्वविद्यालयले खासगरी देहायका विषयहरूमा नियम बनाउन सक्नेछ—

(क) सभाले गर्ने कामको तरीका र सभाको बैठकको कार्यविधि,

(ख) सभाले उप-कुलपति र उप-कुलपतिले आफूमुनिका अधिकृत वा पदाधिकारी वा अन्य कर्मचारीलाई अधिकार सुम्पने,

(ग) विश्वविद्यालयका वैतनिक पदाधिकारी, शिक्षक र प्रशासकीय कर्मचारी-हरूको सेवाका शर्तहरू,

(घ) पाठ्यक्रम विकास केन्द्रको गठन र त्यसको काम, कर्तव्य र अधिकार,

(ङ) कुनै व्यक्तिलाई प्राध्यापकको मान्यता दिने वा नदिने अवस्था,

(च) छात्रहरूको प्रवेश, स्नातकोपाधि (डिग्री), डिप्लोमा र सर्टिफिकेट प्राप्त गर्न चाहिने कुरा, पाठ्यक्रम, शिक्षण-स्तर र परीक्षा प्रणाली,

(छ) उच्च शिक्षाको माध्यम,

(ज) प्राध्यापक तथा छात्र निवास,

(झ) विश्वविद्यालयको प्राध्यापक, छात्रहरू तथा कर्मचारीहरूको आचरण संहिता,

(ञ) विश्वविद्यालयतर्फबाट गरिने ठेक्का पट्टा वा कबूलियत सम्बन्धी शर्तहरू,

(ट) विश्वविद्यालयको छाप चलाउने कार्यविधि,

(ठ) विभिन्न परीक्षाको पाठ्यक्रम तोक्ने,

(ड) स्नातकको दर्ता गर्ने र दर्ता किताब राख्ने,

(ढ) विदेशमा अध्ययन गरी इन्स्टिच्यूटमा भर्ना हुने, र

(ण) साधारणतः विश्वविद्यालयले यो ऐन अन्तर्गत गर्नुपर्ने सबै काम-काजको सुव्यवस्था गर्ने ।

३२. विनियम बनाउने अधिकारः— विश्वविद्यालयले आफ्नो आन्तरिक काम कुराहरू व्यव-स्थित गर्न यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमको अधीनमा रही विनियम बनाउन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३३. यो ऐन बमोजिमको विश्वविद्यालयका पदाधिकारीहरू मानिनेः– (१) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका विश्वविद्यालयका पदाधिकारीहरू यसै ऐनबमोजिमका पदाधिकारीहरू मानिनेछन् ।

तर, कोषाध्यक्ष रहने छैन ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको त्रिभुवन विश्वविद्यालयको लेनदेन कारोवार, ऋण, धन लगायत सम्पूर्ण अधिकार तथा दायित्व यस ऐनबमोजिमको विश्वविद्यालयको हुनेछ ।

३४. बचाउ र खारेजीः– (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम र विनियममा लेखिए जति कुराहरूमा सोहीबमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

(२) त्रिभुवन विश्वविद्यालय ऐन २०१६ खारेज गरिएको छ ।

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

ललमोहर सदर मिति
२०२८।६।६।४

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।